# संयुक्त प्रेस विज्ञप्ति

UNITED NATIONS
HUMAN RIGHTS
OFFICE OF THE HIGH COMMISSIONER

**राष्ट्रिय दलित आयोग र उच्चायुक्तको कार्यालयद्वारा जातीय विभेद र छुवाछुतसम्बन्धी नयाँ कानुनको स्वागत**

२०६७ जेठ ११

काठमाडौं– राष्ट्रिय दलित आयोग (आयोग) र संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल (उच्चायुक्तको कार्यालय–नेपाल)ले जातीय विभेद र छुवाछुत (कसुर र सजाय) विधेयक जेठ १० गते पारित भएकोमा त्यसको स्वागत गरेका छन्। विगत दुई वर्षदेखि संसद्मा विचाराधीन यो मस्यौदा विधेयक पारित गर्न मानवअधिकार रक्षकहरूले वकालती कार्य गर्दै आएका छन्।

नयाँ ऐनमा जातीय विभेद तथा छुवाछुतसम्बन्धी प्रचलनलाई सार्वजनिक क्षेत्रमा निषेध गरिने, विभेदका लागि जिम्मेवार सार्वजनिक अधिकारीलाई सजाय वृद्धि गर्ने, पीडकहरूले पीडितहरूलाई क्षतिपूर्ति दिनुपर्ने तथा जातीय विभेदका लागि भड्काउने कार्यलाई अपराधीकरण गर्ने कुरा उल्लेख गर्ने प्रावधानहरू रहेकोमा आयोग र उच्चायुक्तको कार्यालय विशेषगरी प्रसन्न छन्।

आयोग तथा उच्चायुक्तको कार्यालय विधेयक पारित भएको कुरालाई सकारात्मक कदमको रूपमा स्वीकार गर्छन् र उजुरीहरू प्रमाणित नभएका मुद्दाहरूमा उजुरीकर्ताहरूलाई दण्डित गर्ने प्रावधानको दुरुपयोग हुनसक्ने सम्भावनालगायतका खास कमजोरीहरूलाई सम्बोधन गर्न कार्यान्वयनका क्रममा सो कानुनलाई थप सुदृढ पारिने आशा गर्छन्।

राष्ट्रिय दलित आयोगका अध्यक्ष बिजुल विश्वकर्माले भन्नुभएको छः "म शताब्दीयौंदेखि जातीय विभेद तथा छुवाछुतको चरम पीडा भोगेका दलितहरूलाई न्यायमा पहुँच दिलाउनमा यो विधेयक पारित गर्ने कार्य एउटा कोसेढुङ्गा साबित हुनेछ भन्ने आशा गर्दछु।" नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालयकी प्रमुख ज्योति साङ्घेरा भन्नुहुन्छः "जातीय विभेद तथा छुवाछुतको गम्भीर अपराधलाई सम्बोधन गर्न नेपालले पहिलोपटक यो विशिष्ट कानुन पारित गरेको हो। अब सर्वसाधारणमा यस कानुनबारे जनचेतना जगाएर तथा प्रहरीका निम्ति विशिष्ट तालिमजस्ता उपयुक्त उपायहरू गरेर यस कानुनको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु अत्यन्त महत्त्वपूर्ण छ.।"

Office of the High Commissioner
for Human Rights

Tel.: + 977 1 4280164
Fax: + 977 1 467 0712
Website: http://nepal.ohchr.org

For further information, contact
Chun Gurung
Ext. : 320
Email: cgurung@ohchr.org
Mobile: 98510 16937